# त्रिभुवन विश्वविद्यालय
# कृषि र पशु विज्ञानअध्ययन संस्थान
# डीनको कार्यालय
## कीर्तिपुर, काठमाडौं

प.सं./च.नं.

## कृषि, पशुविज्ञान/मत्स्यपालन र पशु चिकित्सा स्नातकोत्तर तहमा विद्यार्थी भर्नासम्बन्धी सूचना ।

**प्रकाशित मिति २०७९/११/१७ गते ।**

यस अध्ययन संस्थानको मिति २०७९/१०/२६ गते प्रकाशित गरेको सूचना अनुसार अध्ययन संस्थानअन्तर्गत सञ्चालित स्नातकोत्तर तहमा नयाँ विद्यार्थी भर्ना प्रक्रियासम्बन्धी जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### १. प्रवेश परीक्षा सञ्चालन हुने समय र स्थान:

कृषि र पशु चिकित्सा डिग्रीको प्रवेश परीक्षा मिति २०७९/११/२० गते विहान ११:०० बजेदेखि १२:३० बजेसम्म र पशु विज्ञान तथा मत्स्यपालन डिग्रीको प्रवेश परीक्षा सोहि दिन दिउँसो २:०० बजेदेखि ३:३० बजेसम्म सञ्चालन हुनेछ । प्रवेश परीक्षा **श्री नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान, सानो भऱ्याङ, काठमाडौं**मा हुनेछ ।

### २. मेरिट सूची सम्बन्धमा:

प्रवेश परीक्षाको प्राप्ताङ्कलाई १०० प्रतिशत आधार मानी मेरिट सूची प्रकाशित गरिनेछ । उक्त प्राप्ताङ्क बराबर भएमा स्नातक तहको प्रतिशत/ग्रेण, सो पनि बराबर भएमा 10+2 को प्रतिशत/ग्रेण र सो पनि बराबर भएमा +2 को विषयहरु क्रमश: Biology, Chemistry, English, Mathematics and Physics को प्राप्ताङ्कलाई आधारमानि मिति २०७९/११/२१ गतेभित्र मेरिट सूची प्रकाशित गरिनेछ ।

### ३. छात्रवृत्ति र अध्ययन संस्थान विकास शुल्क (IDF) सम्बन्धमा:

प्रत्येक प्रवेश परीक्षा उत्तिर्ण भएकाहरुलाई मेरिटको आधारमा भर्ना गर्न छात्रवृत्ति कोटा र अध्ययन संस्थान विकास शुल्क (IDF) कोटा निम्न तालिका अनुसार निर्धारण गरिनेछ । प्रतिशत निकाल्दा भर्ना भएका जम्मा विद्यार्थी संख्यालाई आधार मानिनेछ । उक्त प्रतिशत दशमलवमा आएमा ०.५ लाई आधार मानी सून्यान्तरमा लगिनेछ ।

| क्र.सं. | डिग्री कार्यक्रम | छात्रवृत्ति | IDF (Half) | IDF (Full) |
|---|---|---|---|---|
| १ | कृषि (M.Sc.Ag.) | २० प्रतिशत | २० प्रतिशत | ६० प्रतिशत |
| २ | पशु चिकित्सा (M.V.Sc.) | २० प्रतिशत | २० प्रतिशत | ६० प्रतिशत |
| ३ | पशु विज्ञान/मत्स्यपालन (M.Sc.An.Sc./Aqua) | २० प्रतिशत | २० प्रतिशत | ६० प्रतिशत |

### ४. भर्ना प्रक्रिया सम्बन्धमा:

४.१ प्रवेश परीक्षा उत्तिर्ण भएकाहरु मेरिट सूची अनुसार भर्नाको लागि योग्य हुनेछन् । भर्ना हुनको लागि यस अध्ययन संस्थान, डीनको कार्यालय, स्नातकोत्तर भवन, कीर्तिपुरमा तोकिएको समयमा उपस्थित हुनु पर्नेछ । कुनै पनि विषय/विभागमा मेरिटको आधारमा तोकिएको संख्यामा भर्ना गरिनेछ ।

| क्र.सं. | डिग्री कार्यक्रम | मिति | उपस्थित हुने समय |
|---|---|---|---|
| १ | कृषि (M.Sc.Ag.) | २०७९/११/२३ गते | ११:३० बजे |
| २ | पशु चिकित्सा (M.V.Sc.) | | |
| ३ | पशु विज्ञान/मत्स्यपालन (M.Sc.An.Sc./Aqua) | २०७९/११/२५ गते | ११:३० बजे |

४.२ मेरिट क्रममा भएका व्यक्ति तोकिएको समयमा उपस्थित नभएमा मेरिट क्रम अनुसार भर्ना प्रक्रिया नियमित गरिनेछ । भर्ना प्रक्रिया सूचारु भएको अवस्थामा अगाडिका मेरिट क्रमका व्यक्ति आई पुगेमा भर्ना प्रक्रिया जहाँ पुगेको छ, सोही स्थानबाट भर्ना लिइनेछ । दुई(२) वटा डिग्रीमा प्रवेश परीक्षा दिएका व्यक्तिको हकमा कुनै एक डिग्रीमा मात्र भर्ना हुन पाउनेछ । कुनै पनि विषय/विभाग सञ्चालन गर्नको लागि न्यूनतम विद्यार्थी संख्या ४ जना नपुगेमा सोही डिग्रीको प्रवेश परीक्षा दिएका अन्य विषय/विभागहरुमा समायोजन गरिनेछ ।

त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञानअध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

प.सं./च.नं.

४.३ भर्ना हुनको लागि तपशिलमा उल्लेखित सक्कल कागजातहरु अनिवार्य रुपमा रुजु गराउनु पर्नेछ। भर्ना प्रयोजनको लागि कुनैपनि प्रमाणपत्रको प्रतिलिपि मान्य हुने छैन । भर्ना हुने व्यक्ति स्वमं उपस्थित हुन नसकेमा नागरिकताबाट नाता खुलेको प्रमाण पेश गरी भर्ना गर्न सकिनेछ।

क) रकम जम्मा गरेको बैंक भाउचर।
ख) नेपाली नागरिकताको सक्कल प्रमाणपत्र।
ग) +२ वा सो सरहको लब्धाङ्क-पत्र (Transcript)।
घ) स्नातक तहको लब्धाङ्कपत्र (Transcript) र प्रमाणपत्र (चारित्रिक/प्रोभिजनल/मुल प्रमाणपत्र) । नेपाल बाहिरका विश्वविद्यालयको हकमा चारित्रिक प्रमाणपत्रबाट भर्ना गरिने छैन।
ङ) त्रि.वि. वाहेक अन्य संस्थाबाट स्नातक तह पुरा गर्नेको हकमा समकक्षता प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

## ५. भर्ना शुल्क सम्बन्धमा:

भर्ना शुल्क नेपाल बैंक लिमिटेडको **"कृ.प.वि.अ.सं. पिजी खाता"** नम्बर **०४५००१००१०५३९९००००३** मा जम्मा गरी सोको सक्कलै भाउचर भर्नाको समयमा बुझाउँनु पर्नेछ। भाउचरको Deposited by मा भर्ना हुने व्यक्तिको नाम लेख्नु पर्नेछ। भर्ना हुँदा वुझाउने शुल्क तल तालिकामा दिइएको छ। दोस्रो सत्रवाट नियमित सत्र शुल्क र IDF बाँकी शुल्कहरु वुझाउनु पर्नेछ।

| विवरण | शुल्क (रुपैयाँमा) | | | कैफियत |
|---|---|---|---|---|
| | Scholarship | Half IDF | Full IDF | |
| कृषि विज्ञान | ५५,७२०/- | १,०५,७२०/- | १,५५,७२०/- | भर्ना हुँदा छात्रवृत्ति कोटामा लाग्ने शुल्क मात्र बुझाउँनु पर्नेछ भने बाँकी शुल्क कोर्ष रजिष्ट्रेशनको दिन बुझाउँनु पर्नेछ। |
| पशु विज्ञान | ५५,७२०/- | १,०५,७२०/- | १,५५,७२०/- | |
| मत्स्य विज्ञान | ५५,७२०/- | १,०५,७२०/- | १,५५,७२०/- | |
| पशु चिकित्सा विज्ञान | ६१,७७०/- | १,११,७७०/- | १,६१,७७०/- | |

## ६. कोर्ष रजिष्ट्रेशन र कक्षा सञ्चालन सम्बन्धमा:

कोर्ष रजिष्ट्रेशन मिति २०७९/११/२९ गते डीन कार्यालयको कार्यालयमा र अभिमुखिकरण कार्यक्रम मिति २०७९/१२/१० गते गरिनेछ। विद्यार्थीले तोकिएको समयमा कोर्ष रजिष्ट्रेशन नगराएमा नियमानुसार विलम्ब शुल्क लाग्नेछ।

## ७. भर्ना रद्द सम्बन्धमा:

भर्ना भएका विद्यार्थीले भर्ना रद्द गरेमा भर्नाको समयमा बुझाएको कुनै पनि शुल्क फिर्ता हुने छैन । कोर्ष रजिष्ट्रेशन दिनसम्ममा भर्ना रद्द गरी कोटा रिक्त हुन आएमा अध्ययन संस्थान विकास शुल्क कोटामा भर्ना गर्न सकिनेछ। भर्ना भई सकेका विद्यार्थीहरुको हकमा भने कुनै फेरवदल गरिने छैन।

प्रा.भार्गव धिताल
डीन